## मिति २०७५।०४ गतेको बसेको जिल्ला विपद् व्यवस्थापन समितिको निर्णय

**एजेण्डा:**

१. सिलिचोङ गा.पा. वडा नं. १, बेसिन्दामा मिति २०७७।०३।२८ गते गएको पहिरोमा परी बेपत्ता भएकाहरुको सिफारिस सम्बन्धमा ।

२. आवेशन सम्बन्धमा ।

**निर्णय नं. १ सिलिचोङ गा.पा. वडा नं. १, बेसिन्दामा मिति २०७७।०३।२८ गते गएको पहिरोमा परी बेपत्ता भएकाहरुको सिफारिस सम्बन्धमा ।**

सिलिचोङ गा.पा. वडा नं. १, बेसिन्दामा मिति २०७७।०३।२८ गते गएको पहिरोमा परी निम्नानुसारका ११ जना व्यक्तिहरु बेपत्ता भएकोमा नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल समेत करीब ७० जना सुरक्षकर्मी र बेपत्ताका परिवार एवं स्थानीय व्यक्तिहरुले लगातार ७ दिनसम्म खोजतलास गर्दा पनि निजहरुलाई फेला पार्न नसकिएको । तत्पश्चात ८/१० जना सुरक्षाकर्मी र स्थानीय व्यक्तिहरुबाट हालसम्म निरन्तर खोजबिन कार्य भइरहेकोमा हालसम्म पनि कोही व्यक्ति फेला नपरेको । निजहरु उक्त पहिरोमा परी सबैको मृत्यु भएको निष्कर्ष गरी सम्बन्धित परिवारहरुले आ-आफ्नो जातीय परम्परा अनुसार अन्त्येष्ठी समेत गरी सकेको सन्दर्भमा निजहरुलाई मृतक घोषणाको लागि प्रक्रिया बढाइ राहत उपलब्ध गराइदिने व्यवस्थाका लागि सिलिचोङ गा.पा.को मिति २०७७।०५।०४ गतेको स्थानीय विपद् व्यवस्थापन समितिको बैठकको निर्णयबाट अनुरोध भइ आएको । यसमा सदरमुकामबाट खटिएको सुरक्षा निकायको टोलीका प्रमुखहरुबाट समेत लगातार ७ दिनसम्म खोजतलास गर्दा कोही पनि व्यक्ति फेला नपरेको र उक्त घटनास्थलको भौगोलिक विकटता र घटनाको प्रकृति हेर्दा जिवितै फेला पार्न सकिने सम्भावना न्यून रहेको भनी मौखिक जानकारी गराएको र हालसम्म घटनास्थलमा खोजबिनमा खटिएको स्थानीय प्रहरी चौकीबाट समेत सोही व्यहोरा जानकारी आएको हुँदा उक्त पहिरोमा परी बेपत्ता भएका निम्न व्यक्तिहरुलाई जिवितै फेला पार्न सक्ने सम्भावना नदेखिएको हुँदा सम्बन्धित गा.पा.को सिफारिस बमोजिम मृतक सरह मानी राहत उपलब्ध गराउन उपयुक्त देखिएको हुँदा गृह मन्त्रालय, विपद् तथा द्वन्द्व व्यवस्थापन महाशाखामा सिफारिस साथ अनुरोध गरी पठाउने ।

**तपशिल:**

**बेपत्ताहरुको नामावली**

१. वर्ष ४५ की उत्तर कुमारी राई
२. वर्ष ७० की नजमाया राई
३. वर्ष ५५ की हस्तकुमारी राई
४. वर्ष २१ की एन्जिला राई
५. वर्ष ११ की नम्रता राई
६. वर्ष ६५ की गोरीमाया राई
७. वर्ष २२ की प्रकृति राई
८. वर्ष ५२ को जुद्ध बहादुर राई (माने)
९. वर्ष ८४ को हर्कराज राई
१०. वर्ष ८२ की आइतमाया राई
११. वर्ष ६० को राममान राई

- १ जनाको पहिरोमा परेकाहरुको उद्धारमा खटिई रहेको अवस्थामा मृत्यु ।

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय संखुवासभा

**निर्णय नं२: आइसोलेशन सम्बन्धमा**

हाल यस जिल्लामा ३ जना व्यक्तिहरुको कोभिड-१९ नतिजा पोजेटिभ देखिएको । निजहरु हालसम्म क्वारेन्टाइनमा नै रहेको हुँदा निजहरुलाई शीघ्र आइसोलेशन वार्डमा सार्नुपर्ने देखिएको । आगामी दिनमा संक्रमितहरु अझ बढ्न सक्ने र लक्षण नदेखिएका एवं सामान्य लक्षण भएका संक्रमितहरुलाई जिल्ला स्तरमा नै व्यवस्थापन गर्नुपर्ने भन्ने स्वास्थ्य मन्त्रालयको निर्देशन रहेको । कोभिड-१९ संकट व्यवस्थापन केन्द्र, संखुवासभाको मिति २०७७।५।२ गतेको निर्णयबाट ढुंगे बिसौना स्थित चन्द्रोदय आ.वि.मा आईसोलेसन वार्ड राख्ने निर्णय गरिएको भएतापनि यस भन्दा अघि हिमालय किरण पब्लिक क्याम्पस, खा.न.पा.७ मा राख्ने भएको निर्णयलाई निरन्तरता दिदै अर्को व्यवस्था नभएसम्म तत्काललाई हिमालय किरण पब्लिक क्याम्पस, खा.न.पा.७ मा तयारी अवस्थामा रहेको आइसोलेशन वार्डमा कोरोना पोजेटिभ देखिएका पिलुवा क्वारेन्टाइनमा रहेका २ जना पुरुष र जिल्ला प्रहरी कार्यालय, संखुवासभामा कार्यरत १ पुरुषलाई आजै स्थानान्तरण गर्ने ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
संखुवासभा

यथाशीघ्र १५(पन्ध्र) दिन भित्रमा Isolation को लागि वैकल्पिक स्थानको खोजी गरी स्थानान्तरण गर्न पहल गर्ने ।